**नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०७७/०६/०१ को निर्णय अनुसार गठीत कार्यदलमा बिदेशबाट पैठारी गरिने बिरुवा लगायतका प्रसारण सामाग्रीहरुको पैठारीका लागि सिफारीश प्राप्त गर्नका लागि पेश गरिनुपर्ने कागजातहरुको विवरण**

**क) व्यवसायिक बगैचा स्थापनाको लागि आधिकारिक रुपमा दर्ता भएका निजी तथा व्यवसायिक कृषि फार्म, कृषि सहकारी संस्था तथा कम्पनीहरु**

१. सम्बन्धित स्थानीय तहबाट सिफारिशपत्र ।

२. सम्बन्धित प्राविधिक निकाय (कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय/प्रदेश सरकार, कृषि विकास निर्देशनालय/परियोजना इकाई) बाट आवश्यकता अनुसार स्थलगत अनुगमन गरी प्राविधिक रुपमा उपयुक्त देखिएमा विरुवाहरु बिक्री वितरण गर्न नपाउने शर्तमा आयात अनुमतिको लागि अनुसूची १ बमोजिमको फाराम सहितको सिफारिस ।

३. सरकारी फार्म केन्द्र तथा अनुसन्धान केन्द्रहरुमा उत्पादन भै कृषकहरुलाई विक्री वितरण भईरहेका तथा स्थानीय आवहवामा खेती भईरहेका फलफूलका जातहरुभन्दा उच्च गुणस्तर, वढी उत्पादकत्व वा अन्य जातीय बिशेषता भएको भनी सम्बन्धित आयातकर्ताबाट अनुसूची ३ बमोजिमको विवरण

४. आधिकारिक निकायबाट प्रकाशन भएको जातीय तथा अन्य विशेषताहरु (**Varietal Catalogue**)।

५. आयातित फलफूल विरुवाहरु उत्पादन गर्ने नर्सरी वा सो नर्सरीको आधिकारिक डिष्टीब्युटरबाट **Invoice** ।

६. ब्यक्तिगत रुपमा विरुवा आयात गर्ने व्यवसायिक कृषि फार्म, कम्पनीहरु तथा संघ संस्थाहरुको हकमा आयातित विरुवा आफैले मात्र पूर्व निर्धारित क्षेत्रमा रोप्नु पर्ने । अन्यत्र बिक्री वितरण गर्न नपाउने ।

७. फलफूल विरुवाहरु आयात गरिसकेपछि आवश्यकता अनुसार परिक्षणका लागि नमूनाको रुपमा केही विरुवाहरु उपलब्ध गराउनु पर्ने ।

८. उपरोक्त बमोजिम आयात गरी लगाइएका विरुवाहरु कुनै रोग वा किराको प्रकोप लगायतका जैविक कारणले नष्ट गर्नु परेमा सम्बन्धित सरकारी निकायको रोहवरमा नष्ट गर्नु पर्ने, नेपाल सरकारले कुनै क्षति पूर्ति नदिने, आशातित उत्पादन हुन नसकेमा सो को लागि सम्बन्धित आयातकर्ता तथा रोप्ने कृषक स्वयं जिम्मेवार हुनु पर्ने शर्त सहितको मन्जुरीनामा (अनुसूचि २)

**नेपाल सरकारका निकायहरु (कृषि ज्ञान केन्द्र / कृषि विकास कार्यालय / प्रदेश सरकार/परियोजना इकाई तथा पालिकाहरु) को स्वीकृत कार्यक्रमहरु**

१. आयातित फलफूल विरुवा प्रयोग गर्ने सरकारी निकायले आयातकर्ता फर्म वा कम्पनीलाई आधिकारिक रुपमा आयातकर्ता तोकेको पत्र ।

२. सम्बन्धित सरकारी निकाय को वार्षिक स्वीकृत कार्यक्रमको प्रतिलिपि

३. सम्बन्धित सरकारी निकायको वार्षिक स्वीकृत कार्यक्रम अनुसार आवश्यक विरुवा आयातको लागि सिफारिश पत्र

४. विरुवा आयात गर्ने कम्पनी संघ संस्थाहरुले सम्बन्धित सरकारी निकायको कार्यक्रम संचालनका लागि आयात गरेका सम्पूर्ण विरुवाहरु सम्बन्धित निकायमा उपलब्ध गराउनु पर्ने।

५. सम्बन्धित प्राविधिक निकाय (कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय/प्रदेश सरकार, कृषि विकास निर्देशनालय/परियोजना इकाई) बाट आवश्यकता अनुसार स्थलगत अनुगमन गरी प्राविधिक रुपमा उपयुक्त देखिएमा विरुवाहरु बिक्री वितरण गर्न नपाउने शर्तमा आयात अनुमतिको लागि अनुसूची १ बमोजिमको फाराम सहितको सिफारिस ।

६. फलफूल विरुवाहरु लगाउदा क्लष्टरमा हुनुपर्ने र एक कृषकले कम्तिमा तालिका १ बमोजिम विरुवा संख्या लगाउनु पर्ने ।

७. फलफूल विरुवाहरु आयात गरिसके पछि आवश्यकता अनुसार परिक्षणका लागि नमूनाको रुपमा केही विरुवाहरु उपलब्ध गराउनु पर्ने ।

८. आयातकर्ताले फलफूल विरुवाहरु आयात गरेर विरुवा रोपि सकेपछि विरुवा रोप्ने कृषक, रोपिएको क्षेत्रको ठेगाना सहितको विवरण उपलब्ध गराउनु पर्ने ।

९. उपरोक्त बमोजिम आयात गरी लगाइएका विरुवाहरु कुनै रोग वा किराको प्रकोप लगायतका जैविक कारणले नष्ट गर्नु परेमा सम्बन्धित सरकारी निकायको रोहवरमा नष्ट गर्नु पर्ने, नेपाल सरकारले कुनै क्षति पूर्ति नदिने, आशातित उत्पादन हुन नसकेमा सो को लागि सम्बन्धित आयातकर्ता तथा रोप्ने कृषक स्वयं जिम्मेवार हुनु पर्ने शर्त सहितको मन्जुरीनामा (अनुसूचि २)

१०. आधिकारिक निकायबाट प्रकाशन भएको जातीय तथा अन्य विशेषताहरु (Varietal Catalogue)

११. आयातित फलफूल विरुवाहरु उत्पादन गर्ने नर्सरी वा सो नर्सरीको आधिकारिक डिष्टीब्युटरबाट Invoice।

तालिका १

एक कृषकले लयाउनु पर्ने बगैचाको क्षेत्रफल

| | **फलफूल बालीको किसिम** | **लगाउनु पर्ने बोट सख्या** | |
|---|---|---|---|
| | स्याउ, आरु, आरुबखडा, नास्पति | कम्तिमा ३० बोट | |
| | स्याउ (उच्च घनत्व प्रणाली ) | कम्तिमा ३३० बोट | |
| | आखर, चुच्चे आखर (पिकानट), | कम्तिमा १५ बोट | |
| | सुन्तला जुनार | कम्तिमा ३० बोट | |
| | कागती | कम्तिमा ४० बोट | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लान्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन ललितपुर

अनुसूची १

व्यावसायिक रुपमा बिरुवा तथा बिरुवाजन्य प्रसारण सामाग्रि पैठारि गरि रोपण गर्नका लागि सिफारीश गर्दा भरिनुपर्ने चेकलिष्ट

१. बगैंचा धनिको नाम थर:

२. पूरा ठेगाना (प्रदेश/जिल्ला/पालिका/वडा नं/स्थान):

३. बगैंचा स्थापना गर्न लागिएको जग्गाको क्षेत्रफल :

४. जग्गाको स्वामित्व (आफ्नै वा लिजमा लिएको भए कति वर्षको लागि लिएको हो सो को प्रमाण र विवरण):

५. पैठारी गर्न अनुमति चाहेको जाली बिरुवाको विवरण:

जाली: जात: परिमाण:

६. पैठारी गरिन लागेको मुलुक:

७. बगैंचा स्थापना गर्न लागिएको जग्गाको प्राविधिक दृष्टीकोणले उपयुक्तता (समुद्र सतह देखिको उचाइ/मोहडा/माटोको उपयुक्तता/सडक सञ्जालबाट दुरी लगायत अन्य प्राविधिक दृष्टिकोणले उपयुक्त भए नभएको।

८. सम्बन्धित कृषि ज्ञान केन्द्रको नाम:

ठेगाना:

९. निरीक्षण गर्ने पदाधिकारीको नाम :

पद:

१०. स्थापना गर्न लागिएको बगैंचाको लागि सहयोगि निकाय ( कुनै भएमा) को विवरण:

कार्यक्रमको नाम :

कार्यक्रमको बिवरण:

प्रदान गरिने सहयोगको विवरण

११. निष्कर्ष:

अनुसूची २

बिषय : मन्जुरीनामा

.................. जिल्ला.................... गाउँ/नगर पालिका वडा नं. ... बस्ने ........................... को नाती/नि, ............................................ को छोरा/छोरी, वर्ष ....... को/की म ............................................................ले सञ्चालन गरेको ............ फर्मको चारकिल्ला ( पुर्व ..............पश्चिम ................उत्तर ................दक्षिण ......................) सिमानाभित्र रहेको ........................ क्षेत्रफलको जग्गामा ..................बाट .................. को बिरुवा/प्रशारण सामाग्रि निम्न शर्तहरुको अधिनमा रहने गरि आयात गरि लगाउन प्रवेश अनुमति पत्रको लागि अनुरोध गरेको छु । यस मञ्जुरीनामामा उल्लेख भएको व्यहोरा मैले जानेबुझे सम्म सत्य हो र पछि यस सम्बन्धमा कही कतै कुनै निकायमा उजुरवाजुर गर्ने/गराउने छैन, गरे यसै मन्जुरीनामाको कागजले बदर होश भनी मेरो मनोमान राजिखुशीका साथ किनाराका शाक्षीका रोहबरमा यो मन्जुरीनामा लेखी दिएकोछु । इति सम्बत ..... साल ...... महिना ..... गते रोज शुभम ---------------------------- ।

शर्तहरु:

१. मैले मेरो आफ्नो राजी खुशीले निम्न परिमाणको लिउ।बीरुवा।प्रसारण सामाग्री .........मुलुकबाट पैठारी गरी ल्याएर आफ्नो फार्ममा लगाउन लागि मात्र हो ।
२. मैले उक्त सामाग्री नेपाल सरकारको आधिकारीक निकायको सिफारीश बिना बिक्री वितरण गर्ने छैन ।
३. उक्त बिरुवा वा प्रशारण सामाग्री लगाउँदा कुनै कारणले उत्पादन हुन नसकेको अवस्थामा म आफै जिम्मेवार हुनेछु र कुनै निकायमा क्षतिपूर्ति लगायत कुनै कुरा दावि गर्ने छैन ।
४. कुनै कारणले उक्त सामाग्री वा लगाइएको बिरुवाहरु नष्ट गर्नु पर्ने परिस्थितिमा कुनै क्षतिपूर्ति दावि गर्ने छैन ।
५. उक्त सामाग्री पैठारी पश्चात् को यथार्थ विवरण सम्बन्धित निकाय (कृषि ज्ञान केन्द्र/सम्बन्धित प्राविधिक विषयगत नेपाल सरकारको केन्द्रिय निकाय तथा प्लान्ट क्वारेन्टीन तथा विषादी व्यवस्थापन केन्द्रमा पेश गर्नेछु ।

साक्षी :

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लान्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र

अनुसूची ३:प्राविधिक मापदण्डहरु:

1. Technical Specification for Import of Apple Saplings

General Information

| | |
|---|---|
| Name and Address of the Importer | |
| Name and Address of the Authorized person of Importer | |
| Name and Address of the Exporter | |
| Types of Seed/Seedlings/Saplings | |
| Purpose of Import | |
| Purposed point of Entry | |

B Production Parameters

| S.N | Parameters | Requirements |
|---|---|---|
| | Country of Origin: | |
| | Number of seedlings to be imported: | |
| | Age of Seed/Seedlings/Saplings: | |
| | Size of seedlings/saplings/cuttings etc. | |
| | Performance of Imported Seed/Seedlings/Saplings | |
| | Varietal Characters of Apple Saplings:<br>Fruit Size<br>Fruit Colour:<br>Fruit taste:<br>Bearing habit:<br>Chilling requirement<br>Plant growth habit:<br>Pollinization habit : self / Cross<br>Yield/ha:<br>Rootstock used:<br>Others peculiar characteristics: | |
| | Year of Variety release: | |
| | Research results from authorized bodies (Government): | |
| | Geography/Altitude for growing: | |
| | Package of Practices recommended: | |

C. Pest lists:

| S.N | Name of Diseases/Insect | Pest status | Remarks |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |